सर्वोच्च अदालत, वृहद पूर्ण इजलास

माननीय न्यायाधीश श्री दीपक कुमार कार्की

मानतीय न्यायाधीश श्री हरिकृष्ण कार्की

मानतीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

मानतीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

मानतीय न्यायाधीश श्री टंकबहादुर मोक्तान

संक्षिप्त फैसला

०७४-CF-०००३

प्र.ना.नि. कृष्ण मानन्धरसमेतको जाहेरीले नेपाल सरकार ..................१ } पुनरावेदक/वादी

विरुद्ध

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २० घर भै हाल कारागार कार्यालय नख्खुमा थुनामा रहेको रत्नबहादुर के.सी. ..................१

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ११ बस्ने प्रकाश अवाले ..................१ } प्रत्यर्थी/प्रतिवादी

मुद्दा:- लागू औषध खैरो हिरोइन

पुनरावेदक/वादीको तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ता श्री खगराज पौडेल, सहन्यायाधिवक्ता द्वय श्री नारायणप्रसाद पौडेल, श्री रेवतीराज त्रिपाठी र उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारीले संगठित रुपमा अपराध गरिएको एकै मुद्दामा प्रतिवादीहरु भुपाल स्याङतान र अजिजुल मियालाई १० वर्ष कैद भएकै छ। यसरी एकै मुद्दामा कुनै प्रतिवादीलाई

१० वर्ष वा सो भन्दा बढी कैद भै फैसला भै सकेपछि सोही मुद्दाको अन्य प्रतिवादीलाई १० वर्ष भन्दा घटि सजाय गरेको कारणले मात्र १० वर्ष भन्दा घटि सजाय भएकाको हकमा दोहोराई पाउँ र १० वर्ष भन्दा बढी कैद हुनेको हकमा पुनरावेदनको रोहबाट सुनुवाई गर्ने अर्थ गर्न मिल्दैन। अलग अलग क्षेत्राधिकारबाट सुनुवाई गर्ने विधायिकी मनसाय पनि होइन। सम्मानित यसै अदालतबाट किर्तिबहादुर चन्द समेत भएको लागु औषध मुद्दा (ने.का.प. २०५९ नि.नं.७०७०)मा प्रतिपादित सिद्धान्तबाट समेत व्यक्ति विशेष नभएर मुद्दालाई हेर्नु पर्ने भनी न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) को व्याख्या भएको छ। न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) मा "मुद्दा" भन्ने शब्द उल्लेख भएको र न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) मा "मुद्दा" भन्ने नै शब्द उल्लेख भैरहेकोले पक्षको आधारमा अलगअलग मुद्दाको सुनुवाई गर्ने नभै दश वर्ष वा सो भन्दा बढी कैद सजाय भएको मुद्दालाई पुनरावेदनको रोहबाट नै सुनुवाई गर्नु पर्ने हो। यदी पक्षलाई अलग अलग कैद सजाय भएको आधारमा पुनरावेदन वा दोहोराई पाउने निवेदन गरी अलग अलग उपचारको मार्ग प्रयोग गर्नु पर्ने भए कानूनमा नै "मुद्दा" को सट्टा "पक्ष" वा "व्यक्ति" प्रयोग हुने थियो। यसरी अलग अलग क्षेत्राधिकारबाट मुद्दाको सुनुवाई गर्ने कानूनी व्यवस्था नभएको र अदालती अभ्यासबाट पनि यस्तै प्रकृतिका मुद्दामा पुनरावेदनकै रोहबाट निरुपण भै आएकोले पुनरावेदनकै रोहबाट निरुपण हुनु पर्दछ। साथै बरामद लागू औषध खैरो हेरोइन २६ ग्राम प्रकाश अवालेलाई दिन लिई गएको अवस्थामा पक्राउ परेको भनी भुपाल स्याङ्ताङले मौकामा बयान गरेको र निज प्रतिवादी प्रकाश अवालेलाई पटकेमा समेत सजाय गरेको अवस्थाले लागू औषधको कारोवारकर्ता भन्ने देखिएकोमा सेवनतर्फ मात्र सजाय गरेको त्रुटिपूर्ण छ। त्यस्तै अर्का प्रतिवादी रत्नबहादुर के.सी.ले थुनाबाटै लागू औषधको कारोवार गरेको अवस्थामा दुरुत्साहनतर्फ मात्र सजाय गरेको फैसला त्रुटिपुर्ण हुदा बदर गरी अभियोग दावीबमोजिम सजाय गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

विपक्षी/प्रतिवादी प्रकाश अवालेसमेतको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री चन्द्रकान्त ज्ञवाली र विद्वान अधिवक्ता श्री लिलाधर गौतमले प्रतिवादीहरु भुपाल स्याङ्ताङ र अजिजुल मियालाई १० वर्ष कैद सजाय भएकोमा निजहरुको पुनरावेदन नपरेको र किर्तिबहादुर चन्द भएको मुद्दामा १० वर्ष भन्दा बढी कैद हुनेको समेत पुनरावेदन परेको तर वर्तमान मुद्दामा त्यस्तो छैन। प्रतिवादीहरु रत्नबहादुर के.सी.लाई थप कैद समेत गरी ५ वर्ष १ महिना कैद र प्रकाश अवालेलाई थप कैद समेत गरी १ वर्ष ९ महिना कैद गरेको शुरु जिल्ला अदालतको फैसला पुनरावेदन अदालतले सदर गरेकोले किर्तिबहादुर चन्दको नजिर

प्रस्तुत मुद्दामा आकर्षित हुदैंन। वारदातको वखत प्रतिवादी रत्नबहादुर के.सी. वारदातको समयमा कारागारमा रहेको देखिएकोले अभियोग दावीको सजाय गर्न मिल्ने होइन। प्रतिवादीहरु रत्नबहादुर र प्रकाश अवालेबाट दशी वरामद भएको छैन। प्रकाश अवालेले प्रस्तुत वारदातमा सेवन गरेको भन्नेसमेत नदेखिए पनि निजलाई पुनरावेदन अदालतको फैसलाले सेवनतर्फ ठहराएको कैद र जरिवानासमेत भुक्तान गरी सकेका छन्। न्याय प्रशासन ऐन २०४८ को दफा ९(१)(ख) बमोजिम दश वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने भए पनि निज दुबै प्रतिवादीलाई १० वर्ष भन्दा कम कैद भएकोले न्याय प्रशासन ऐन २०४८ को दफा ९(१)(ख) आकर्षित हुने देखिंदैन। अर्कोतर्फ निज प्रतिवादीको हकमा शुरुको फैसला पुनरावेदन अदालतले सदर गरेकोले न्याय प्रशासन ऐन २०४८ को दफा ९(१)(ग) बमोजिम पुनरावेदन लाग्ने अवस्था रहेको छैन भनी गर्नु भएको वहस सुनियो।

यसमा प्रस्तुत मुद्दाका प्रतिवादीहरु मध्ये पुनरावेदन नगर्ने प्रतिवादीहरु भुपाल स्याङतान र अजिजुल मिया अन्सारीलाई शुरु जिल्ला अदालतले अभियोग दावीबमोजिम लागु औषध (नियन्त्रण) ऐन २०३३ को दफा १४(१)(छ)(२)बमोजिम जनही दश वर्ष कैद र जनही पचहत्तर हजार रुपैंया जरिवाना हुने ठहराएकोमा निज प्रतिवादीहरुको पुनरावेदन नपरी अन्तीम भैरहको देखिन्छ। प्रतिवादी रत्नबहादुर के.सी.लाई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १७ अनुसार सोही ऐनको दफा १४(१)(छ)(२) ले हुने सजायको आधाले कैद वर्ष ५ र सैतिस हजार पाँच सय जरिवाना र सोही ऐनको दफा १६ अनुसार थप एक महिना कैद र थप एक हजार जरिवाना तथा प्रतिवादी प्रकाश अवालेलाई सोही ऐनको दफा १४(१)(ङ) अनुसार एक वर्ष कैद र सोही ऐनको दफा १६ अनुसार थप ९ महिना कैद र पाँच हजार जरिवाना हुने ठहराएको शुरु काठमाण्डौं जिल्ला अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनले फैसला गरे उपर वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

प्रस्तुत मुद्दामा १० वर्ष कैद हुने ठहरेका प्रतिवादीहरु भुपाल स्याङतानसमेतको पुनरावेदन नपरेको र प्रतिवादी रत्नबहादुर के.सी. र प्रकाश अवालेलाई १० वर्ष भन्दा कम सजाय गरी शुरु जिल्ला अदालतले गरेको फैसला पुनरावेदन अदालतले सदर गरेको अवस्थामा न्याय प्रशासन ऐनको दफा ९(१)(ख) बमोजिम पुनरावेदन दर्ता भएको देखिएको छ। यसै सन्दर्भमा राजकुमार लामाको जाहेरीले नेपाल सरकार निवेदक वादी र रेड्वा भन्ने सानु मोक्तान समेत विपक्षी प्रतिवादी भएको कर्तव्य ज्यान मुद्दा (०७३-RE-०१८७) मा *"यस अदालतको संयुक्त*

इजलासबाट दुइ तहको अदालतबाट सफाई पाएका प्रतिवादीको हकमा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम यस अदालतमा पुनरावेदन लाग्न नसक्ने" भन्ने आधारमा ०७४-RE-००१६ समेतका विभिन्न मुद्दाहरुमा सहरजिष्ट्रारबाट दरपीठ आदेश भएको देखिदा समान अवस्थामा दोहोरो मापदण्ड अपनाएको देखिन आयो। साथै डम्वरबहादुर भन्ने किर्तिबहादुर चन्दसमेतको लागू औषध मुद्दामा प्रतिपादित सिद्धान्त (ने.का.प. २०५९ नि.नं. ७०७०) र निवेदक/प्रतिवादी किशोरी महतो सुडी विरुद्ध रामसरोवर देवी समेत भएको जालसाज मुद्दामा प्रतिपादित सिद्धान्त (ने.का.प.२०६४ नि.नं.७८४३) को समान स्तरको पूर्ण इजलासबाट भएको सिद्धान्तहरुमा पुनरावेदनको रुपमा दर्ता हुने हो वा दोहोर्याई पाउँ भनी अनुमतिको निवेदन दर्ता हुने हो भन्ने सम्बन्धमा मुद्दाको दर्ता सम्बन्धमा अन्यौलको स्थिति रहिरहेबाट जटिल कानूनी प्रश्न र सिद्धान्त एकरुपताको लागि तथा प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ९ को प्रयोगमा समेत अन्यौल यथावत रही रहेको भनी यस इजलास समक्ष पेश हुन आएको देखियो। मुलतः कुनै प्रतिवादीलाई दश वर्ष वा सो भन्दा बढी कैद र कसैलाई १० वर्ष भन्दा घटि कैदको सजाय भएको अवस्थामा त्यसरी घटि सजाय हुनेले पुनरावेदन गर्न पाउँने हो, होइन? भनी निर्णय दिनु पर्ने देखिन आयो।

यसमा निर्णायक विषयमा प्रवेश गर्नु पूर्व प्रस्तुत सन्दर्भको कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तको अवलोकन गरी निष्कर्षमा पुग्नु वाञ्छनीय देखियो। न्याय प्रशासन ऐन, २०४८ को दफा ९ मा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था रहेको छ। "(१) पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर देहायका मुद्दाहरुमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछः-

(क) पुनरावेदन अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दा,

(ख) दश वर्ष वा सो भन्दा बढि कैदको सजाय भएको मुद्दा, र

(ग) तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय वा पच्चिस हजार रुपैया वा सो भन्दा बढी जरिवाना, पचास हजार रुपैंया वा सो भन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा शुरु अदालत,निकाय वा अधिकारीले गरेको निर्णय उपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टि भएको मुद्दा।

न्याय प्रशासन ऐन, २०७३ को दफा ९ मा सर्वोच्च अदालतको पुनरावेदन सुन्ने अधिकार सम्बन्धमा निम्न व्यवस्था रहेको छः (१) सर्वोच्च अदालतलाई देहायका मुद्दाहरुमा पुनरावेदन सुन्ने अधिकार हुनेछः

(क) दफा ८ को उपदफा (२) बमोजिम उच्च अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दा,

(ख) उच्च अदालतबाट दश वर्ष वा सो भन्दा बढि कैद सजाय हुने गरी फैसला भएको मुद्दा, र

(ग) तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय वा पाँच लाख रुपैया भन्दा बढी जरिवाना वा पचास लाख रुपैंया भन्दा बढी बिगो भएको मुद्दामा शुरु अदालत,निकाय वा अधिकारीले गरेको निर्णय उपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै वदर गरेको मुद्दा, र

(घ) संघिय कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने अन्य मुद्दा।

न्याय प्रशासन ऐन,२०४८ को दफा ९(१)(ख)मा दश वर्ष वा सो भन्दा बढि "कैदको सजाय भएको मुद्दा" भन्ने वाक्यांश प्रयोग भएको छ। साथै न्याय प्रशासन ऐन,२०७३ को दफा ९(१)(ख)मा उच्च अदालतबाट दश वर्ष वा सो भन्दा बढि "कैदको सजाय हुने गरी फैसला भएको मुद्दा" भनी रहेको व्यवस्था सारतः समान नै देखिन आउछ। यस अदालतबाट प्रतिपादित सिद्धान्त (पुनरावेदक/वादी नेपाल सरकार विरुद्ध किर्तिबहादुर चन्द समेत मुद्दा लागू औषध ने.का.प.२०५९ नि.नं.७०७०) न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) को व्याख्या भै सिद्धान्त कायम भएको देखिन्छ। हाल प्रचलित न्याय प्रशासन ऐन,२०७३ को दफा ९(१)(ख) को कानूनी व्यवस्था, उक्त पूर्ववर्ती कानूनी व्यवस्था अनुकुल नै छ। *"एउटै मुद्दामा कुनै प्रतिवादीलाई १० वर्ष भन्दा बढी सजाय भएको अवस्थामा १० वर्ष भन्दा कम कैद सजाय भएका प्रतिवादीहरुले समेत न्याय प्रशासन ऐन, २०४८ दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्नु पर्दछ भन्ने निष्कर्ष नै न्यायोचित तर्कसंगत र सुविधाजनक हुने"* भनी यस अदालतको पूर्ण अदालतबाट सिद्धान्त प्रतिपादन (पुनरावेदक/वादी नेपाल सरकार विरुद्ध किर्तिबहादुर चन्द समेत, मुद्दा लागू औषध ने.का.प.२०५९ नि.नं.७०७०) भएको देखिन्छ। एउटै वारदातमा धेरै प्रतिवादीहरु संलग्न रहेको भन्ने अभियोग मागदावी भएको मुद्दामा जतिसुकै प्रतिवादी भए पनि एउटै मुद्दा हो। न्याय प्रशासन ऐनको दफा ९(१)(ख) को व्याख्या (नि.नं. ७०७०) गरिएकोमा सो मुद्दा १० वर्ष भन्दा बढी कैद भएको व्यक्तिले पुनरावेदन गरेको अवस्थामा प्रतिपादन भएको देखिए पनि उक्त सिद्धान्तले १० वर्ष भन्दा बढी कैद सजाय हुने प्रतिवादीले पुनरावेदन नगरेमा सो भन्दा कम सजाय हुनेको हकमा पुनरावेदन गर्न नपाउने गरी व्याख्या गरेको पाइदैन। त्यसैले एउटै मुद्दामा कुनै प्रतिवादीलाई पुनरावेदन वा उच्च अदालतबाट १० वर्ष

भन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्ष भन्दा कम कैद सजाय भएका प्रतिवादीहरुले दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्न पाउने नै हुन्छ। उक्त बमोजिम पुनरावेदन गर्न पाउने वा नपाउने भन्ने कुरा पुनरावेदन अदालत वा उच्च अदालतको फैसलाले तोकेको सजायको आधारमा निर्धारण हुने देखिन्छ। दश वर्ष भन्दा बढी कैद सजाय हुने ठहरिएका प्रतिवादीले पुनरावेदन गरे वा नगरेको आधारमा मात्र अन्य प्रतिवादीको पुनरावेदन गर्ने कुरा निर्धारण गर्नु उचित देखिदैन। तसर्थ देहायको अवस्थामा देहाय बमोजिम गर्नु भनी आदेश जारी गरिएको छ:

१. एउटा मुद्दामा कुनै प्रतिवादीलाई १० वर्ष भन्दा बढी कैदको सजाय भएको अवस्थामा सोही मुद्दामा १० वर्ष भन्दा कम कैद सजाय भएका वा सफाई पाएका अन्य प्रतिवादीहरुको हकमा समेत न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम पुनरावेदन लाग्ने भएकोले त्यस्ता मुद्दाहरुमा पुनरावेदन लिई दर्ता गर्ने गर्नु।

२. एउटा मुद्दामा कुनै प्रतिवादीलाई १० वर्ष भन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्ष भन्दा कम कैद सजाय भएका वा सफाई पाएका प्रतिवादीहरुको हकमा समेत न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम पुनरावेदन लाग्ने भए पनि दोहोर्‍याई पाउँ भनी परेको निवेदन दर्ता गरी कारवाही चलेका मुद्दामा सोही दोहोर्‍याई पाउँको निवेदनबाटै हेरी कानून बमोजिम कारवाही किनारा गर्नु।

३. उपरोक्त बमोजिम पुनरावेदन लाग्ने अवस्थाका मुद्दामा सम्बन्धित पक्षले पुनरावेदन लिई आएकोमा दोहोर्‍याई पाउँ भन्ने निवेदन लाग्ने भनी दरपीठ भएका र सो दरपीठ उपर परेका सबै निवेदनहरु समेत पुनरावेदनको रोहमा दर्ता गरी कारवाही किनारा गर्ने।

प्रस्तुत मुद्दामा प्रतिवादी भुपाल स्याङताङसमेतलाई १० वर्ष भन्दा बढी कैद भएकोले निजको पुनरावेदन नपरेको भए पनि एउटै मुद्दामा कसैलाई १० वर्ष भन्दा बढी कैद र कसैलाई १० वर्ष भन्दा कम कैद भएको अवस्थामा कम कैद हुने प्रतिवादीहरुको हकमा समेत पुनरावेदन दर्ता गर्न मिल्ने नै देखिएकोले प्रस्तुत मुद्दामा १० वर्ष भन्दा कम कैद सजाय हुने प्रतिवादी रत्नबहादुर के.सी. र प्रकाश अवाले विरुद्ध पुनरावेदनको रोहमा दर्ता भएको मुद्दा कानूनसम्मत देखिँदा सो सम्बन्धमा थप केही गर्नु परेन। वादीले पुनरावेदन

जिकिर लिएको प्रश्नहरुको निरुपण सर्वोच्च अदालत नियमावली, २०७३ को नियम २४ बमोजिम संयुक्त इजलासबाट हुनु पर्ने भएबाट वृहद पूर्ण इजलासको लगत कट्टा गरी संयुक्त इजलासको लगतमा दर्ता गरी अरु नियमानुसार गर्नु।

न्यायाधीश

उक्त रायमा म सहमत छौं ।

न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर टाइप गर्ने: अमिररत्न महर्जन

इति सम्वत २०७५ साल पौष १९ गते रोज ५ शुभम् ------------------------